# जैमिनी नगरपालिका

## स्थानीय राजपत्र

**भाग-१, खण्ड-४, संख्या-५**

**माघ ३०, २०७७**

# जैमिनी नगरपालिका संघ संस्था दर्ता तथा नविकरणका लागी व्यवस्था गर्न बनेको ऐन-२०७७

नगर सभाबाट पारित मिति २०७७/१०/३०

**प्रस्तावनाः**

यस नगरपालिका क्षेत्र भित्र सामाजिक संस्थाहरुको स्थापना दर्ता तथा नविकरण कार्यलाई व्यवस्थीत गर्ने सम्वन्धमा व्यवस्था गर्न वाञ्छनिय भएकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि जैमिनी नगरपालिकाको संस्था दर्ता तथा नविकरण सम्वन्धी ऐन २०७७ तर्जुमा गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम :** (१) यस ऐनको नाम जैमिनी नगरपालिकाको संघ, संस्था, दर्ता तथा नविकरण ऐन २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “संस्था” भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक तथा परोपकारि कार्यको विकास एवम् विस्तार गर्ने उदेश्यले स्थापना भएको संघ, संस्था, क्लव, परिषद्, अध्ययन केन्द्र समुह आदि सम्झिनु पर्दछ ।

ख) नगरपालिका भन्नाले जैमिनी नगरपालिका सम्झिनु पर्दछ ।

ग) “अध्यक्ष” भन्नाले जैमिनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

वर्ष १) खण्ड ५) जैमिनी नगरपालिका, स्थानिय राजपत्र भाग १) मिति २०७७।

घ) “उपाध्यक्ष” भन्नाले जैमिनी नगरपालिकाको उप प्रमुख लाई सम्झनु पर्दछ

ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

च) “कार्यालय” भन्नाले जैमिनी नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

छ) “सम्वन्धित शाखा” भन्नाले संस्था दर्ता तथा नविकरण सम्बन्धि कार्य गर्ने शाखालाई सम्झनु पर्दछ ।

ज) “प्रवन्ध समिती” भन्नाले संस्थाको विधान अनुसार गठन भएको समितिलाई सम्झनु पर्दछ ।

झ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरग बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

**३. दर्ता नगर संस्था खोल्न नहुने**ः यस ऐन बमोजिम संस्था गठन गर्न चाहेमा गठन पश्चात संस्था दर्ता नगरी कामकाज गर्न हुदैन ।

**४. संस्थाको दर्ता र नविकरण :** (१) संस्था स्थापना गर्न चाहानेले कुनै सात जना वा सो भन्दा वढि व्यक्तिहरुले अनुसुची (१) बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचवुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ता भित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरी अनुसुची २ बमोजिम ढाँचामा प्रमाणपत्र दिईनेछ ।

(३) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र नविकरण गरिसक्नुपर्नेछ । यदि ३ महिना भित्र नविकरण नगरेमा नविकरण शुल्कको १० प्रतिशत थप रकम र सो भन्दा पछी २० प्रतिशत शुल्क लाग्नेछ ।

**५. संगठित संस्था मानिने**ः (१) यस ऐन अन्तरगत दर्ता भएको प्रत्येक संस्था अविञ्छीन्न, उत्तराधिकारीवाला स्वशासित र आफ्नो छुट्टै छाप भएको संगठित संस्था हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पती प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न पाउने छ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजुर गर्न सक्नेछ र सो उपर सोहि नामबाट नालिस उजुर लाग्ने छ ।

**६. संस्थाको सम्पती:** संस्थाको छुट्टै आफ्नो चल अचल सम्पती हुने छ ।

सदस्य वा कर्मचारि लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पती दुरुपयोग गरेमा, कब्जा गरेमा वा राखेमा कार्यालयले त्यस्तो सम्पती दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाईदिने  छ ।

उपदफा (१) बमोजिम संस्थाको सम्पती फिर्ता गर्ने गरी कार्यालयले गरेको कारवाहिमा चित्त नवुझेमा चित्त नवुझ्ने व्यक्तिले प्रचलित कानुनले तोके बमोजिम पुनराबेदन गर्न सक्ने छ ।

**७. अन्यत्र दर्ता भई स्थापना भएका संस्था नविकरण :** यो ऐन प्रासम्भ हुनुभन्दा अघ प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका संस्थाले पनि ऐन यो ऐन प्रारम्भ भए पछी यसै ऐन वमोजिम संस्था नविकरण गर्ने पर्नेछ ।

**८. संस्थाको उदेश्य हेरफेर :**

(१) संस्थाको उदेश्य हेरफेर गर्न आवश्यक देखिएमा वा संस्था अर्को कुनै संस्था सँग गाभिन उपयुक्त देखेमा संस्थाको प्रवन्ध समितीले तत् सम्वन्धी प्रस्ताव पारित गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा वोलाउनु पर्ने छ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यले समर्थन जनाएमा सो प्रस्ताव पारित भएको मानिने छ तर उक्त निर्णय लागु गर्नु पुर्व कार्यालयको स्वीकृत लिनु पर्ने छ ।

**९. हिसाब विवरण पठाउनु पर्ने :** प्रवन्ध समितीले सामाजिक लेखा परिक्षण गरी आफ्नो संस्थाको विवरण लेखापरिक्षणको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यकालमा पेश गर्नुपर्ने छ ।

**१०. हिसाव जाँच गर्ने:**

(१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाव कार्यालयको अधिकार प्राप्त अधिकारीवाट जाँच गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्र एवम् सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारी सवैको कर्तव्य हुनेछ ।

(३) हिसाव जाँच गर्ने अभिकारीले कार्यालयले तोकेको म्यादभित्र हिसाव जाँचको प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्ने छ ।

सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नाक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा नगरपालिकाको बैठकको निर्णय अनुसार असुल उपर गर्न/गराउन आदेश दिनेछ ।

**११.दण्ड सजाय:** (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम नविकरण नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितीको सदस्यलाई कार्यालयले जनहि एक हजार रुपैया जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (९) बमोजिम हिसावको विवरण नपठाएमा संस्थाको नविकरणको कारवाहि अगाडी बढाउन सकिने छैन ।

प्रबन्ध समितीका सदस्यलाई जनहि एक सय रुपैया जरिवाना गर्न सकिने छ । तर कुनै सदस्यले दफा (९) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाव जाँच गर्न सम्वन्धीत अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजात वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धीत पदाधिकारी सदस्य वा कर्मचारीलाई कार्यालयले एक सय रुपैया सम्म जरिवाना गर्न सक्ने छ ।

(४) दफा (८) बमोजिम कार्यालयको पुर्व स्वीकृती नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकुल हुने गरी काम कारवाहि गरेमा र कार्यालयको निर्देशन पालना नगरेर कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्ने छ ।

**१२. पुनरावेदनः** दफा (११) बमोजिम कार्यालयले गरेको अन्तीम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्ने छ ।

**१३. संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पती यस कार्यालयमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको सम्पतीले थामे सम्म यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ ।

**१४. नियम वनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्ने छ

**१५. अधिकार प्रत्यायोजन :** यो ऐन वा यस अन्तरगत बनेको नियमको कार्यान्वयनको लागी प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीलाई अधिकारको प्रत्यायोजन गर्न सकिने छ ।

**१६. अन्य ऐन कानुन बमोजिम दर्ता र स्थापना गर्नु पर्ने :** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा संघिय वा प्रदेश कानुनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोहि ऐन बमोजिम दर्ता वा स्थापना र संचालन गर्न सकिनेछ ।

**१७.** संघिय वा प्रदेश कानुन विपरित भएका दफा सोहि कानुन अनुसार खारेज वा परिमार्जन हुनेछन् ।



## अनुसुचि १
## दफा ४ सँग सम्वन्धित

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु
जैमिनी नगर कार्यपालिकाको कार्यालय
कुश्मिसेरा, वागलुङ ।

**विषय : संस्था दर्ता गरी पाँउ ।**

**महोदय,**

प्रस्तुत विषयमा तपसिल बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरी संस्था दर्ताको लागी यो निवेदन पेश गरेको छु ।

**तपसिल :**

१. संस्थाको नामः
२. संस्थाको कार्यालय रहने स्थान र ठेगानाः
संलग्न कागजातहरु :
१. निर्दिष्ट नमुना बमोजिमको संस्थाको विधानः
२. वडा कार्यालयको सिफरिसः
३. प्रबन्ध समितीको पदाधिकारीहरुको प्रत्येकको नागरिकताको प्रतिलिपीः
४. संस्थाको आफ्नो विधान बमोजिमको प्रस्तावित छापः

निवेदकको नामः
अध्यक्षः हस्ताक्षरः
मितिः

## अनुसुचि २

**दफा ४ (२) सँग सम्वन्धीत**
**जैमिनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कुश्मिसेरा, वाग्लुङ**

दर्ता नं र जारी मिति                                                                 गण्डकि प्रदेश, नेपाल

मितिः

**संस्था दर्ता प्रमाण पत्र**

श्री.............................................

.............................................

प्रस्तुत विषयमा तपाईलाइ जैमिनी नगरपालिका संस्था दर्ता तथा नविकरण सम्वन्धी ऐन २०७७ को दफा ४ (२) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित कानुनको परिधी भित्र रही सार्वजनिक हितमा संस्थाको विधान अनुसार आफ्ना गतिविधीहरु संचालन गर्नुहोला ।

| | |
|---|---|
| संस्थाको नाम | |
| संस्थाको अध्यक्षको नाम | |
| संस्था कार्यालय रहने ठेगाना | |
| जारी मिति | |
| कार्यक्षेत्र | |

..................................

**नविकरण सम्वन्धी व्यवस्थाः**

| सि.नं. | नविकरण भएको मिति | अवधी | रकम र | जारी गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आज्ञाले
ज्ञानराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत